

# ११ विश्वासका परिवारहरु

***यस अध्यायका मूल पदहरू:*** प्रेरित १०:१-२८, ३४,३५, १ कोरन्थी २:२, १ थेस्सोलिनिकी ५:२१,२२, यूहन्ना १:१२,१३,३:७ र १ यूहन्ना ५:१।

***यस अध्यायको मूल सार पद:*** **"१ यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। २ हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।" (हिब्रू १२:१-२)।**

हामी जीवनको जुनसुकै कदममा चढिरहेतापनि, जुनसुकै परिस्थितिमा हामी गुज्रिरहेतापनि हामी हाम्रो संस्कार र परम्पराको पृष्ठभूमिको विरुद्धमा हामी बाँचिरहेका हुन्छौं। हामीहरूका बाबुआमा, हामीहरूका छोराछोरीहरू, हामीहरूको घर, हामीहरूका परिवारहरू र चर्चसमेत जुन संस्कार वा संस्कृतिमा छ त्यसले प्रभावित पारिरहेको हुन्छ। अरू तत्वहरूले हामीहरूको जीवनमा भूमिका खेलिरहेतापनि हप्ताको सातौं दिन साबथलाई शनिबारबाट आइतबार सारिनुले परम्परा, धर्म, संस्कार, समयले चर्चलाई कस्तो शक्तिशाली र नकारात्मकरूपमा प्रभाव पार्दो रहेछ भनेर हाम्रो अगाडि ज्वलन्त उदाहरणको रूपमा खडा भइरहेको छ। जब हामी कुनै चर्चमा आइतबार आराधना गरिरहेको देख्छौं तब त्यसले तत्कालीन पाश्चात्य देश रोमको धार्मिक परम्पराले चर्चमा कस्तो शक्तिशाली जरा रोपेको थियो भनेर हामीलाई याद दिलाउँछ।

इसाई परिवारले परम्परा र संस्कारको चुनौतिहरूलाई सधैं सामना गर्नुपरिरहेको हुन्छ। कतिपय समयमा परम्परा वा संस्कारको प्रभाव असल हुनसक्छ तर अरू बेलामा वा प्रायजसो नकारात्मक हुन्छ।

तर येशूभक्तको निम्ति शुभसमाचार त यो छ कि सुसमाचारको शक्तिले मानिसहरूको जीवनलाई प्रज्वलित पार्दछ, सान्त्वना दिँदछ र संस्कार वा परम्पराको नाउँमा ल्याउने चुनौतिको सामना गर्न बल प्रदान गर्दछ। जब हामी "निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान हुन, जुन पुस्ताको बीच संसारमा हामीहरू ताराहरूझैं चम्कन चाहन्छौं" (फिलिप्पी २:१५) तब हामी "विश्वास अर्थात् आस्थाका परिवार" कसरी हुने भनेर यस अध्यायमा हेर्नेछौं।

## १. जुन असल छ त्यसलाई समाती राख्नु

जब सुसमाचार विश्वभरी फैलिन्छ तब सुसमाचारलाई विश्वास गरेर येशूभक्त हुनेहरूले विभिन्न संस्कृति, सभ्यता, रहनसहन वा जीवनशैली, संस्कार, परम्परा आदिहरूको सामना गर्नुपर्ने हुन्छ। धेरैजसो ती परम्परा, संस्कृति, रहनसहन वा जीवनशैली, संस्कार र परम्पराहरूमा परिवार र सामाजिक सम्बन्धसँग जोडिएका हुन्छन्। येशूलाई विश्वास गर्दा उहाँको बारेमा सुसमाचार सुनाउने व्यक्तिहरू हुन् वा ग्रहण गर्ने व्यक्तिहरू हुन् तिनीहरूले स्थानीय विभिन्न प्रचलित संस्कार र रहनसहनसँग कसरी भिज्ने भन्ने प्रश्न तिनीहरूको दिमागमा खडा भइरहेको हुन्छ। कतिपय कुराहरू जस्तै पारिवारिक सम्बन्धको विषयमा व्यक्तिगतरूपमा येशूभक्तहरूलाई असजिलो लाग्न सक्छ।

**येशूभक्तहरूलाई कसैबाट अलग बसेर आफू धर्मात्मा वा पवित्र बन भनेर धर्मको लुगा लगाउन इजाजत नदिएको परिप्रेक्ष्यमा प्रेरित १०बाट हामीले के सिक्न सक्दछौं जसमा अरू संस्कार वा सभ्यतासँग हामीमा हुने पूर्वाग्रह र तगारोहरूलाई भत्काउन आवश्यक भएको महसुस गराउँछ? हेर्नुहोस्: "१ कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए (निसन्देह तिनी गोरा जातिका थिए जसलाई बिदेशी, पानी नचल्ने वा अन्यजाति भनेर यहूदीहरूले हेप्दथे)। २ तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। ३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, 'कर्नेलियस!' ४ भयभीत भएर तिनले उनलाई नियालेर हेरे र**

भने, 'प्रभु, भन्नुहोस्।' अनि उनले तिनलाई भने, 'तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्। ५ अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। ६ तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ।' ७ जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, ८ र तिनीहरूलाई सबै कुरा बताएर योप्पामा पठाए। ९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। ११ तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। १३ तब तिनले एउटा आवाज सुने, 'ए पत्रुस उठ, र मारेर खाऊ।' १४ तर पत्रुसले भने, 'होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ।' १५ त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, 'परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान।' १६ तीन पल्टसम्म यस्तो भयो, र तुरुन्तै त्यो तन्ना स्वर्गतिर लगियो। १७ जब पत्रुस आफूले देखेको यो दर्शनको अर्थ के होला भनेर मनमनै अन्योलमा परेका थिए, त्यति नै बेला कर्नेलियसले पठाएका मानिसहरू सिमोनको घर खोज्दै ढोका अगाडि खड़ा भए, १८ 'पत्रुस भनिने सिमोन यहाँ बसेका छन् कि? भनी उच्च सोरमा सोधे। १९ जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई भन्नुभयो, 'हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। २० उठ, र तल जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको हुँ।' २१ तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ गएर भने, 'हेर, तिमीहरूले खोजेको मानिस मै हुँ। तिमीहरू यहाँ आएको कारण के हो? २२ तिनीहरूले भने, 'एक जना कप्तान कर्नेलियस, जो सोझा र परमेश्वरसँग डराउने र सारा यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट उहाँलाई आदेश मिलेको छ।' २३ तब तिनले तिनीहरूलाई भित्र बोलाएर तिनीहरूको सत्कार गरे। भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका कतिपय भाइहरू तिनको साथ लागे। २४ पर्सिपल्ट तिनीहरू कैसरिया पुगे। आफ्ना

कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस तिनीहरूको बाटो हेरिरहेका थिए। २५ जब पत्रुस भित्र आए तब कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत् गरे। २६ तर पत्रुसले उनलाई यसो भन्दै उठाए, 'उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ।' २७ तब तिनी उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका भेट्टाए। २८ तब पत्रुसले तिनीहरूलाई भने, 'अरू जातिसँग सङ्गत गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि कति अनुचित हो भन्ने कुरा तपाईंहरूलाई थाहै छ, तापनि परमेश्वरले मलाई कुनै मानिसलाई अपवित्र अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको छ। २९ यसैकारण डाक्ने बित्तिकै केही आपत्ति नजनाई म तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन डाक्नुभयो? अब भन्नुहोस्।'

३० तब कर्नेलियसले भने, 'चार दिनअघि प्रायः यही समय घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक पहिरेका एक जना मानिस मेरो सामुन्ने खड़ा भए, ३१ र भने, 'कर्नेलियस, परमेश्वरको सामुन्ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले गरीबहरूलाई दिएका दानको सम्झना भएको छ। ३२ यसकारण योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ । तिनी समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्।' ३३ तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं।' ३४ तब पत्रुसले बोल्न थाले, 'साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। ३६ परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात् ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) ३७ यूहन्नाले प्रचार गरेको बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।

३९ अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले

साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।' ४४ पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। ४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, ४७ 'हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ? ४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीं रहनुहोस् भनी अनुरोध गरे।"

**पापहरूको निम्ति** येशू ख्रीष्टको मृत्यु कुनै एक जात वा राष्ट्रको निम्ति नभएर संसारका प्रत्येक मानव प्राणीको निम्ति हो। येशूको मृत्युको प्रभाव विश्वव्यापी भएकोले त्यो मानव प्राणी जहाँ रहेतापनि उसको निम्ति हो। यो महान् सत्य आत्मज्ञान धेरैले अझसम्म महसुस गरेका छैनन्। कसैलाई करकापले सुनाउने होइन तर आग्रह गरेर यो सन्देश सुनाउने जुनसुकै पेशा वा जातको प्रत्येक येशूभक्त वा म इसाई हुँ भनेर दावी गर्नेको जिम्मा हो। परमेश्वरले पक्षपात गर्नुहुन्न। येशूभक्तले प्रत्येक मानिसलाई आदर, सम्मान र इज्जत गर्नुपर्छ। सबै मानिसहरूले सुसमाचार सुन्ने र ग्रहण गर्ने अवसर पाउनुपर्दछ (जब हाम्रो कुनै मानिससँग जम्का भेट हुन्छ तब ती मानिससँग कसरी मुख देखाउने वा बोलिचाली गर्ने भन्ने कुरामा हामी सजग हुनुपर्छ किनभने उसको निम्ति येशू मर्नुभएको थियो-अनुवादकको प्रतिक्रिया)।

अरू सभ्यता, राष्ट्र, संस्कार र जातिहरूलाई सुसमाचार सुनाउनुपर्छ भनेर सुरूका इसाई प्रचारकहरूले कसरी निष्कर्ष निकाले? हेर्नुहोस् देहायका केही पदहरू: प्रेरित १५:१९-२१ "१९ 'यसकारण मेरो फैसला यो छ, कि परमेश्वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी दुःख नदिऔं, २० तर तिनीहरूलाई यी कुरा लेखिदिऔं, कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग्ग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर मारेको पशुको मासु र रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि नै सहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा हरेक शबाथमा पढिँदै छ।', प्रेरित

**१५:२८,२९ "२८ पवित्र आत्मा र हामीहरूलाई यो उचित लाग्यो, कि यी आवश्यक कुराहरूबाहेक अरू बढ़ी बोझ तपाईंहरूलाई बोकाउनुहुँदैन। २९ तपाईंहरू मूर्तिहरूलाई बलि चढ़ाएको थोक, रगत, गला अँठ्याएर मारेको पशुको मासु र व्यभिचारबाट अलग्ग रहनुहोस्। यी कुराहरूबाट अलग्ग रहनुभयो भने असल हुनेछ। बिदा।", १ कोरन्थी २:२ "तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ।" र १ थेस्सोलिनिकी ५:१६-२४"**

**"१६ सधैं आनन्दित रहो। १७ निरन्तर प्रार्थना गरिरहो। १८ सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो। १९ पवित्र आत्मालाई ननिभाओ। २० अगमवाणीलाई तुच्छ नठान। २१ सबै कुराको जाँच गर। जुन कुरा असल छ त्यसैमा दृढ़ रहो। २२ सबै किसिमका खराबीबाट अलग बस। २३ शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्। २४ तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ।"**

**प्रत्येक** सभ्यता, संस्कार वा संस्कृतिले मानिसहरूको पतित स्वभावलाई प्रतिबिम्बित गर्दछ। तर कतिपय संस्कार, सभ्यता वा संस्कृतिमा केही न केही ज्ञान र आस्थाहरू छन् जुन पवित्र धर्मशास्त्रसम्मत हन्छ र अझ कतिपय समयमा तिनीहरू सुसमाचार सुनाउन उपयोगी पनि हुन्छन् (सत्य कुरो अरू संस्कृति वा साहित्यमा छ भन्दैमा त्यो असत्य हुन सक्दैन-अनुवादकको थप)। संसारका कतिपय संस्कारहरूमा परिवार समाजसँगको सम्बन्धमा नजिक हुने मूल्यमान्यताहरू छन् जो कि अनुकरणीय उदाहरण हुन्छन्। बाइबलका नीतिहरूलाई अपनाउँदै जुन संस्कार असल छ त्यसलाई उचाल्नु र बलदिनु प्रत्येक येशूभक्तको जिम्मेवारी ठान्नुपर्दछ।

तर फेरि सबैसँग मिल्ने भन्दैमा परमेश्वरको सत्यलाई कसैसँग सम्झौता मिल्दैन। इसाई इतिहास दुःख लाग्दो पनि छ किन बाइबल सम्मत नभएका कतिपय संस्कारहरूसँग सम्झौता गरेर तिनलाई चर्चमा भित्राएर केवल देखावटी इसाई बनाउन चर्चले नै अग्रणी भूमिका खेलेको पाइन्छ। बाइबल र बाइबलमामात्रै आधारित पक्का येशूभक्तको उत्पादन हुनुको सट्टा सबैसँग घुलमिल गर्नुपर्छ र तिनीहरूलाई खुशी पार्न तिनीहरूको रहनसहनमा लाग्नुपर्छ भनेर केवल इसाईमात्र कहलाइने मानिसहरू यस संसारमा देखा परेका थिए, देखा परिरहेकाछन् र येशूको दोस्रो आगमन नहुञ्जेल देखापरिरहनेछन्।

आखिरमा शैतानले आफू यस संसारको भगवान भनेर येशूकै अगाडि दावी गर्न तयार भएको थियो। इसाई भनाउँदाहरूकै बीचमा अन्यौलको वातावरण हुँदा शैतानलाई अत्यन्त आनन्द लाग्दछ। तर येशूले यस संसारबाट हामीलाई उद्धार गर्नुभएको छ र उहाँको पवित्र आत्माले उहाँका भक्तहरूलाई सबै सत्यज्ञानहरूमा अगुवाई गर्नुहुन्छ (यूहन्ना १६:१३)।

**तपाईंको विश्वास, शिक्षादीक्षा तपाईंको सभ्यता वा संस्कारले तपाईंलाई कतिको मोडेको छ? बाइबलको आत्मज्ञानले तपाईंको विश्वासलाई कत्तिको बलियो बनाइराखेको छ? तपाईं रहनुभएको, हुर्कनुभएको संस्कार, समाज र परम्परा, र बाइबलको सत्यताको बीचमा भिन्नता भएको कसरी पहिचान गर्न सक्नुहुन्छ?**

## २. परिवारमा स्थानीय संस्कार, संस्कृति र रहनसहनको अधिकार

**"किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।" (उत्पत्ति १८:१९)।** विभिन्न संस्कार, चालचलन, रहनसहन, परम्परा, संस्कृति विभिन्न प्रकारले आउँदछन् र तिनीहरू नै समाज र  समाजका परिवारहरूलाई निर्माण गर्ने निर्माण सामग्रीहरू हुन्। त्यसकारण समाजको पहिचान गराउने विभिन्न विशेष संस्कार र रहनसहन परिवारसँग सिधै सम्बधित भएको हुन्छ। पौराणिक कुरा जुन् अहिले हामी असभ्य वा जङ्गली समाज भन्छौं त्यसबेला छोराले आफ्ना बाबुआमाको मुर्दा खानुपर्दथ्यो भने अर्को समाजको मानिसले विवाह गर्नुपऱ्यो भने उसले शत्रुका टाउकाहरू दाइजो स्वरुप ल्याउनु पर्थ्यो। अहिले पनि बालबालिका हुर्काउने, तिनीहरूलाई परम्परा अनुसार ढाल्ने, जोडाजोडी मिलाउन खोज्ने, पारपाचुके, विवाह, आमाबाबुको र आमाबाबुप्रतिको जिम्मेवारी आदि विभिन्न समाज तथा संस्कार अनुसार फरक फरक हुन्छन्। जब हामी सुसमाचार सुनाउँछौं तब विभिन्न समाजका विभिन्न संस्कार वा संस्कृति वा रितिहरूप्रति हामी संवेदनशील हुनुपर्दछ ताकि हामीहरूको विश्वाससँग सम्झौता नगरिएतापनि अनावश्यकरूपमा हामीहरूमा समस्याहरू नआउन्। फेरि त्यसबैखत हामीहरूको विश्वासी परिवारमा बाहिरका समाज र संस्कारले पार्ने प्रभावप्रति हामी सजग हुनुजरुरी छ।

जुन संस्कार वा संस्कृति वा रहनसहनमा देहायका परिवारहरू हुर्केका थिए तिनीहरूको परिवारलाई समाजले कस्तो असर पाऱ्यो भनेर देहायका पदहरू हेर्नुहोस्। ती उदाहरणहरूबाट हामी के नीति सिक्नसक्छौं? हेर्नुहोस्ः उत्पत्ति १६ः१-४ "१ आफ्नी पत्नी साराईबाट अब्रामको कोही सन्तान भएको थिएन। तर हागार नाउँ भएकी तिनकी एक मिश्री कमारी थिई। २ साराईले अब्रामलाई भनिन्, "हेर्नुहोस्, परमप्रभुले मेरो कोख बन्द गरिदिनुभएको छ। यसकारण मेरी कमारीकहाँ जानुहोस्। शायद त्यसबाट मेरो निम्ति सन्तान हुन सक्छ।" अब्रामले साराईको कुरा माने। ३ अब्राम कनानमा बसेका दश वर्षपछि तिनकी पत्नी साराईले आफ्नी कमारी मिश्री हागारलाई आफ्ना पति अब्रामलाई तिनकी पत्नी हुनलाई दिइन्। ४ अनि तिनी हागारकहाँ गए, र त्यो गर्भवती भई। जब त्यसले "म गर्भवती भएछु" भनी थाहा पाई, तब त्यसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न लागी।", उत्पत्ति ३५ः१-५ "१ त्यसपछि परमेश्वरले याकूबलाई भन्नुभयो, "उठेर बेथेलमा जाऊ, र त्यहीं बसोबास गर, र तिम्रो दाजु एसावबाट तिमी भाग्दाखेरि तिमीकहाँ देखा पर्ने परमेश्वरको निम्ति त्यहाँ एउटा वेदी बनाऊ।" २ यसकारण याकूबले आफ्नो घराना र आफूसित भएका सबैलाई भने, "तिमीहरूसँग भएका विदेशी देवताहरू मिल्काइदेओ र आफू-आफूलाई शुद्ध पारेर लुगाहरू फेर। ३ तब हामी बेथेलमा जाऔं, र मेरो दुःखको दिनमा मेरो पुकारा सुन्नुहुने र म जहाँ गए तापनि मसित हुनुहुने परमेश्वरको निम्ति त्यहाँ एउटा वेदी म बनाउनेछु।" ४ यसकारण तिनीहरूले आफू-आफूसित भएका विदेशी देवताहरू र आफ्ना कानमा भएका कुण्डलहरू याकूबलाई दिए र याकूबले शकेमको नजिकै भएको फलाँटको रूखमुनि ती गाड़िदिए। ५ जब तिनीहरूले आफ्नो यात्रा सुरु गरे तब परमेश्वरको त्रास वरिपरिका सहरहरूमा फैलियो, र कसैले पनि तिनीहरूलाई खेदेन।", एज्रा १० "१ जब एज्रा परमप्रभुका भवनको अगि लम्पसार पर्दै, प्रार्थना गर्दै, पश्चात्ताप गर्दै र रुँदैथिए, तब इस्राएलको एउटा ठूलो भीड़– पुरुष, स्त्री र केटाकेटीहरू– तिनको चारैतिर भेला भए। तिनीहरू पनि धुरुधुरु रोए। २ तब एलामका परिवारका एक जना यहीएलका छोरा शकन्याहले एज्रालाई भने, "हाम्रा चारैतिरका विदेशी मानिसहरूका छोरीहरूबाट पत्नीहरू ल्याएर हामीले आफ्ना परमेश्वरको विरुद्धमा अपराध गरेका छौं। तर यसो भए तापनि इस्राएलको निम्ति अझै केही आशा छ। ३ यसकारण मेरा प्रभुको र हाम्रा परमेश्वरका आज्ञादेखि डराउनेहरूको सल्लाहअनुसार अब यी सबै स्त्रीहरू र तिनीहरूका छोराछोरी सबैलाई त्यागिदिने हामी आफै हाम्रा परमेश्वरसित बाचा बाँधौं। र व्यवस्थाले दिएबमोजिम काम गरौं। ४ अब

उठ्नुहोस्, यो काम तपाईंको हातमा छ। हामी तपाईंलाई साथ दिनेछौं। साहस गरेर काम गर्नुहोस्।" ५ तब एज्रा खड़ा भएर मुख्य पूजाहारीहरू र लेवीहरू र सबै इस्राएलीहरूलाई सुझाव गरिएका कुरा पूरा गर्न शपथ खान लाए। अनि तिनीहरूले शपथ खाए। ६ त्यसपछि एज्रा परमेश्वरका भवनको अगिबाट एल्यासीबका छोरा येहोहानानको कोठामा गएर बसे। तिनले केही खानपान गरेनन्, किनभने कैदबाट फर्केर आएकाहरूका अपराधका निम्ति तिनी विलाप गर्दैथिए। ७ त्यसपछि निर्वासनबाट फर्केकाहरू सबै यरूशलेममा भेला होऊन् भनेर यहूदा र यरूशलेमभरि एउटा घोषणा गरियो। ८ यदि तीन दिनभित्रमा कोही नआएको खण्डमा अधिकारीहरू र धर्म-गुरुहरूको फैसलाअनुसार त्यसको सबै धन-सम्पत्ति जफत गरिनेछ, र कैदबाट आएकाहरूको समुदायबाट त्यो अलग गरिनेछ। ९ यहूदा र बेन्यामीनका सबै मानिसहरू तीन दिनभित्रै यरूशलेममा भेला भए। र नवौं महिनाको बीसौं दिनमा यो घटना र ठूलो वर्षाको कारणले सबै मानिसहरू दुःखित भई परमप्रभुका भवनको सामुन्ने चोकमा बसे। १० तब खड़ा भएर पूजाहारी एज्राले भने, "तिमीहरूले विदेशी स्त्रीहरूसित विवाह गरेर अपराध गरेका छौ, र इस्राएलको दोष बढ़ाएका छौ। ११ अब परमप्रभु तिमीहरूका पुर्खाहरूका परमेश्वरको सामुन्ने आफ्ना पाप स्वीकार गर, र उहाँको इच्छाअनुसार काम गर। तिमीहरू विदेशी मानिसहरू र तिमीहरूका विदेशी पत्नीहरूबाट अलग होओ।" १२ तब भेला भएका सम्पूर्ण समुदायले कराएर जवाफ दिए, "हो, तपाईंले भन्नुभएबमोजिम हामीले गर्नैपर्छ। १३ तर हामी एउटा ठूलो भीड़ छौं, र यो वर्षा ऋतुको समय छ। हामी यहाँ खुला ठाउँमा उभिरहन सक्दैनौं। यसबाहेक यो काम एक-दुई दिनमा खतम हुनेछैन, किनभने यस विषयमा हामीले घोर अपराध गरेका छौं। १४ हाम्रा मुख्य पदाधिकारीहरूले हामी जम्मै समुदायको निम्ति काम गरिदिऊन्। यस विषयमा परमप्रभुको भयङ्कर क्रोध शान्त नहोउञ्जेल हाम्रा सहरमा हुने विदेशी स्त्रीसित विवाह गरेकाहरू सबै तोकिएको समयमा हाजिर होऊन्, अर्थात् हरेक मानिस आफ्नो सहरका धर्म-गुरु र न्यायकर्ताहरूका साथमा हाजिर होऊन्।" १५ केवल असाहेलका छोरा जोनाथन र तिक्भाका छोरा याजयाहले मशुल्लाम र लेवी सब्बतैको समर्थन पाएर यस कुराको विरोध गरे। १६ यसकारण निर्वासनबाट फर्केर आएकाहरूले सुझाव गरेअनुसार काम गरे। पूजाहारी एज्राले आफ्नो-आफ्नो परिवारका घराना-घरानालाई प्रतिनिधित्व गर्न नाउँ तोकेकाहरूलाई छाने। तिनीहरूले दशौं महिनाको पहिलो दिन यस विषयमा जाँच सुरु गरे, १७ र पहिलो महिनाको पहिलो दिन विदेशी स्त्रीहरूसित विवाह गरेका सबैको खोजतलाश गरिसिद्ध्याए।

१८ विदेशी स्त्री विवाह गर्नेहरू पूजाहारी परिवारहरूकाः योसादाकका छोरा येशूअ र तिनका दाजुभाइहरूकाः मासेयाह, एलीएजर, यारीब र गदल्याह थिए। १९ (तिनीहरूले आ-आफ्ना पत्नीहरूलाई त्यागिदिने बाचा गरे, र तिनीहरूले दोषबलिको रूपमा आफ्ना बगालबाट एउटा भेड़ा पनि ल्याए।) २० इम्मेरका परिवारकाः हनानी र जबदियाह। २१ हारीमका परिवारकाः मासेयाह, एलिया, शमायाह, यहीएल र उज्जियाह। २२ पशहूरका परिवारकाः एल्योएनै, मासेयाह, इश्माएल, नतनेल, योजाबाद र एलासा। २३ लेवीहरूमाः योजाबाद, शिमी, केलायाह अर्थात् कलीता, पतहियाह, यहूदा र एलीएजर। २४ गवैयाहरूमाः एल्यासीब।

द्वारपालहरूमाः शल्लूम, तेलेम र ऊरी। २५ अनि अरू इस्राएलीहरूमाः परोशका परिवारकाः रम्याह, यिज्याह, मल्कियाह, मियामीन, एलाजार, मल्कियाह र बनायाह। २६ एलामका परिवारकाः मत्तन्याह, जकरिया, यहीएल, अब्दी, यरेमोत र एलिया। २७ जत्तूका परिवारकाः एल्योएनै, एल्यासीब, मत्तन्याह, यरेमोत, जाबाद र अजीजा। २८ बेबैका परिवारकाः येहोहानान, हनन्याह, जब्बै र अत्लै। २९ बानीका परिवारकाः मशुल्लाम, मल्लूक, अदायाह, याशूब, शाल र यरेमोत। ३० पहत-मोआबका परिवारकाः अदना, केलाल, बनायाह, मासेयाह, मत्तन्याह, बजलेल, बिन्नूई र मनश्शे। ३१ हारीमका परिवारकाः एलीएजर, यिशियाह, मल्कियाह, शमायाह, शिमेओन, ३२ बेन्यामीन, मल्लूक र शमरयाह। ३३ हाशूमका परिवारकाः मत्तनै, मत्तता, जाबाद, एलीपेलेत, येरेमै, मनश्शे र शिमी। ३४ बानीका परिवारकाः मादै, अम्राम, ऊएल, ३५ बनायाह, बेदयाह, कलूही, ३६ भन्याह, मरेमोत, एल्यासीब, ३७ मत्तन्याह, मत्तनै र यासू। ३८ बिन्नूईका परिवारकाः३९ शिमी, शेलेम्याह, नातान, अदायाह, ४० मक्नादबै, शाशै, शारै, ४१ अज्रेल, शेलेम्याह, शमरयाह, ४२ शल्लूम, अमर्याह र योसेफ। ४३ नेबोका परिवारकाः यीएल, मत्तित्याह, जाबाद, जबीना, यद्दै, योएल, र बनायाह। ४४ यी सबैले विदेशी स्त्रीहरूलाई विवाह गरेका थिए। अनि तिनीहरूले उनीहरूलाई तिनीहरूका छोराछोरीहरूसमेत त्यागिदिए।" र १ राजा ११:१ "तापनि सोलोमन राजाले फारोकी छोरीबाहेक धेरै विदेशी स्त्रीहरू, मोआबी, अम्मोनी, एदोमी, सीदोनी र हित्ती स्त्रीहरूसित प्रेम गरे।"

हामी कोही पनि शुन्यमा वा एक्लै वा परिवार जङ्गलको बीचमा वा टापुमा कसैसँग सम्पर्क नगरि बस्दैनौं। त्यसकारण हामी जहाँभएतापनि हाम्रा वरिपरि रहेका समाजले हामीलाई असर पारि नै रहेका हुन्छन्। हामी येशूभक्त भएको हैसियतले हामीले जुनसुकै समाजमा पनि सकेसम्म सबैसँग शान्ति,

मिलाप र आनन्दसँग रहनु हाम्रो कर्तव्य हो। तर समाजलाई खुशी पार्ने नाउँमा हाम्रो विश्वास वा आस्थासँग सम्झौता गर्नुहुन्न। जुन तत्वले हाम्रो आदर्शसँग बाझ्छ त्यो तत्वबाट अलग भएर त बस्नुपर्छ नै।

**पारिवारिक जीवनको निम्ति तपाईंको समाज र संस्कारमा के तत्वहरू छन् जसले बाइबलसम्मत जिउन सहयोग गर्दछ? के तत्व वा संस्कारहरू छन् जुन बाइबलसँग मेल खाँदैन? आधारभूत र आवश्यक सत्यहरूको मोलमा सम्झौता नगरि तपाईंको आस्थालाई समाजसँग मिलेर कसरी जगाइ राख्ने?**

## ३. परिवर्तनका विभिन्न समय वा लयहरूमा परिवारलाई सम्हाली राख्नु

जीवन परिवर्तनशील छ। कोही पनि परिवर्तनबाट भाग्न सक्दैन। जुनसुकै समाज वा संस्कारमा रहेतापनि पारिवारिक परिवर्तनले परिवारमा असर पारिरहेको हुन्छ। कहिलेकाहीँ अपेक्षा र योजना गरिएकै परिवर्तन हुन्छ। तर प्रायजसो परिवर्तन अचानक आउँछ। मृत्यु, बिपद तथा प्राकृतिक प्रकोप, लडाईं, बिमार, परिवार सर्ने वा काम नपाउँदा आदि सबै परिवारलाई परिवर्तन गर्ने तत्वहरू हुन्। आफूरहेका समाज र देशहरूमा धेरै परिवारहरूले आर्थिक र सामाजिक परिवर्तनको सामना गरिरहेका हुन्छन्। कतिपय परिवर्तनलाई समाजमा भएका संस्कार, परम्परा र रहनसहनले सिधै असर पारेको हुन्छ।

**तल परिवर्तनका केही कथाहरू छन्। कतिपय मानिसहरूले ठूला र आघातनै हुनेगरि गरेर परिवर्तनको सामना गर्नुपरेको थियो। तिनीहरूको ठाउँमा तपाईं आफूलाई राख्नुहोस् र कल्पना गर्नुहोस्। ती परिवर्तनहरूले तिनीहरूको पारिवारिक जीवनलाई कसरी असर पारेका थिए? ती परिवर्तनसँग मिल्न वा नमिल्न तपाईंले के उपाय लगाउनुहुन्थ्यो होला? तपाईं तिनीहरूको ठाउँमा रहेको भए तपाईंको प्रतिक्रिया कस्तो फरक हुन्थ्यो होला?**

**अब्राहम, सारा र लोतः उत्पत्ति १२:१-५ "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु।**

**तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" ४ यसैकारण परमप्रभुले भन्नुभएबमोजिम अब्राम गइहाले, र लोत पनि तिनीसँग गए। हारानबाट निस्केर जाँदा अब्राम पचहत्तर वर्षका थिए। ५ अब्राम, तिनकी पत्नी**

साराई र तिनका भतिजा लोत र तिनीहरूले जम्मा गरेका सबै धन-सम्पत्ति र हारानमा प्राप्त गरेका मानिसहरूलाई लिएर कनान देशमा जानलाई निस्के, अनि त्यहाँ पुगे।, हडस्साः एस्तर २:१-२० "१ पछि जब राजा अहासूरसको रीस मऱ्यो तब उनलाई रानी वश्ती र तिनले गरेको कामको विरुद्धमा निकालेको उर्दीको सम्झना भयो। २ यसैले राजाका निज सेवकहरूले भने, "हजूरको निम्ति सुन्दरी-सुन्दरी कन्ये-केटीहरू खोजीबक्सिओस्। ३ हजूरले आफ्नो राज्यका सबै प्रान्तहरूबाट यी सबै सुन्दरी युवती कन्ये-केटीहरूलाई राजधानी शूशनको महिला-गृहमा ल्याउनलाई उच्च कर्मचारीहरू खटाइबक्सिओस्। तिनीहरूलाई महाराजाका स्त्रीहरूका जिम्मावाल नपुंसक हेगेको जिम्मामा दिइबक्सिओस्। सिङ्गारपटारका वस्तुहरू तिनीहरूलाई दिइऊन्। ४ जुन युवती महाराजाको दृष्टिमा ग्रहणयोग्य हुनेछ, तिनैलाई वश्तीको सट्टामा रानी तुल्याइबक्सिओस्।" यो सल्लाह राजालाई मन पऱ्यो। उनले त्यहीबमोजिम गरे। ५ राजधानी शूशनमा मोर्दकै नाउँका एक यहूदी थिए। उनी याईरका छोरा, शिमीका नाति र कीशका पनाति बेन्यामीनको कुलका थिए, जुन कीशचाहिँ ६ बेबिलोनका राजा नबूकदनेसरले यरूशलेमबाट यहूदाका राजा यहोयाकीनसँग कैदमा लगेकाहरूमध्ये एक थिए। ७ मोर्दकैले आफ्ना काकाकी छोरी हदस्सा, अर्थात् एस्तरलाई धर्मपुत्री बनाएका थिए। एस्तरका माता-पिता थिएनन्। तिनी राम्री र सुन्दरी थिइन्। तिनका माता-पिताको मृत्युपछि मोर्दकैले तिनलाई आफ्नै छोरीजस्तै गरी पालेका थिए। ८ जब राजाको हुकुम र उर्दी प्रसार भयो, र हेगेको जिम्मामा दिनलाई धेरै ठिटीहरू राजधानी शूशनमा ल्याइए, तब एस्तर पनि स्त्रीहरूका जिम्मावाल हेगेको जिम्मामा दिन राजमहलमा लगिइन्। ८ जब राजाको हुकुम र उर्दी प्रसार भयो, र हेगेको जिम्मामा दिनलाई धेरै ठिटीहरू राजधानी शूशनमा ल्याइए, तब एस्तर पनि स्त्रीहरूका जिम्मावाल हेगेको जिम्मामा दिन राजमहलमा लगिइन्। ९ तिनलाई देखेर त्यो नपुंसक खुशी भयो, र एस्तरले त्यसबाट विशेष निगाह पाइन्। त्यसले तिनलाई तुरुन्तै खुशीसित सिङ्गारपटारका सामग्रीहरू र विशेष किसिमका खानेकुराको भाग जुटाइदियो। राजाको महलबाट सात जना चुनिएका सहेलीहरूलाई पनि त्यसले खटाइदियो। स्त्रीहरू बस्ने घरमा तिनलाई र तिनका सहेलीहरूलाई विशेष सुविधा पनि दिइयो। १० एस्तरले आफ्नो घराना र जातिको विषयमा कसैलाई बताएकी थिइनन्, किनभने त्यसो गर्न मोर्दकैले तिनलाई मनाही गरेका थिए। ११ एस्तरलाई के कसो हुँदैछ सो जान्न मोर्दकै दिनहुँ महिला-गृहको आँगनबाट भएर जाने गर्थे।

१२ छ महिना मूर्रको तेल दलेर र छ महिना अत्तर र सिङ्गारका वस्तुहरूले सिँगारिदिएर स्त्रीहरूलाई तयारी हुने तोकिएको पूरा समय बाह्र महिना थियो। समय पूरा भएपछि अहासूरस राजाकहाँ जाने हरेक युवतीको पालो आउँथ्यो। १३ कुनै युवती घरबाट राजाको महलमा जाँदा त्यसले मागेको जेसुकै थोक त्यसलाई लान दिइन्थ्यो। १४ बेलुका त्यो महलभित्र जान्थी र बिहान उपपत्नीहरूको जिम्मावाल राजाको नपुंसक शाश्गजको अधीनमा रहन महिला-गृहको अर्को भागमा फर्केर जान्थी। राजाले आफ्नो इच्छा प्रकट गरेर त्यसको नाउँ काढ़ीकन नबोलाउञ्जेल त्यो फेरि राजाकहाँ जान पाउँदिनथी।१५ जब मोर्दकैकी धर्मपुत्री, उनका काका अबीहेलकी छोरी एस्तरको राजाकहाँ जाने पालो आयो, तब तिनले स्त्रीहरूको जिम्मावाल राजाको नपुंसक हेगेले सल्लाह दिएका कुराबाहेक अरू केही लगिनन्। तिनलाई देख्ने सबैलाई एस्तरले मोहित गराइन्। १६ अहासूरसका राज्यकालको सातौं वर्षको दशौं महिना, अर्थात् तेबेत महिनामा तिनी राजमहलमा राजा अहासूरसकहाँ लगिइन्। १७ राजालाई अरू सबै स्त्रीहरूभन्दा एस्तरलाई नै मन पऱ्यो। अनि राजाले अरू कन्ये-केटीहरूभन्दा तिनलाई निगाह र स्वीकृति देखाए। उनले तिनको शिरमा राजकीय शिरपेच लगाइदिए, र वश्तीको सट्टामा तिनलाई आफ्नी रानी तुल्याए। १८ त्यसपछि राजाले आफ्ना सबै भारदार र अधिकारीहरूलाई एस्तरको सम्मानमा एउटा ठूलो भोज दिए। तिनले प्रान्तप्रान्तहरूमा बिदाको घोषणा गरेर राजाले दिनुपर्ने योग्यका उपहारहरू दिए।

१९ दोस्रो पल्ट कन्ये-केटीहरू भेला गर्दा मोर्दकै राजाका दरबारको मूल ढोकामा उपस्थित थिए। २० मोर्दकैको आदेशअनुसार एस्तरले आफ्नो घराना र वंशको कुरा गुप्तमा राखेकी थिइन्। मोर्दकैको अधीनमा हुँदा उनले तिनलाई आदेश दिएझैं तिनले गरिन्।" र दानिएल, हनन्याह, मीशाएल र अजर्याहः दानिएल १ "१ यहूदाका राजा यहोयाकीमका शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आएर त्यसलाई घेरे। २ अनि परमप्रभुले परमेश्वरको भवनका केही भाँड़ाकुँड़ाहरूसहित यहूदाका राजा यहोयाकीमलाई तिनको हातमा सुम्पिदिनुभयो। ती भाँड़ाकुँड़ाहरू तिनले बेबिलोनियामा भएको आफ्ना देवताको मन्दिरमा लगे र देवताकै भण्डारमा राखे।

३ तब राजाले प्रवासमा लगिएका इस्राएलीहरूमध्येबाट राजकीय खानदान र सभ्य खानदानका केही जवान मानिसहरू छान्नू भनी तिनका प्रमुख अधिकृत अशपेनजलाई हुकुम गरे। ४ ती जवान मानिसहरू कुनै शारीरिक खोट

नभएका, सुन्दर, हरकिसिमका शिक्षा सिक्ने क्षमता भएका, ज्ञानले परिपूर्ण भएका,
छिटो सिक्न सक्ने र राजदरबारमा सेवा गर्नलाई योग्य हुनुपर्थ्यो। अशपेनजले
उनीहरूलाई बेबिलोनीहरूका भाषा र साहित्य सिकाउनुपर्थ्यो। ५ राजाले
उनीहरूलाई राजदरबारमा खाने गरेका दैनिक खाना र दाखमद्य दिनू भनी
अशपेनजलाई हुकुम गरे। उनीहरूलाई तीन वर्षसम्म तालीम दिनुपर्थ्यो, र
त्यसपछि उनीहरू राजाको सेवामा प्रवेश गर्नुपर्थ्यो। ६ यीमध्ये कोही यहूदाका
कुलका थिएः दानिएल, हनन्याह, मीशाएल र अजर्याह। ७ प्रमुख अधिकृतले
तिनीहरूलाई नयाँ नाउँ दिए– दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक,
मीशाएललाई मेशक र अजर्याहलाई अबेद्नगो। ८ तर दानिएलले राजकीय
भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी
आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे। ९ अनि
परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने
तुल्याउनुभयो, १० तर अधिकृतले दानिएललाई भने, “तिमीहरूले खाने र पिउने
कुराहरूका सम्बन्धमा मलाई खटाउनुहुने मेरा स्वामी महाराजादेखि म डराउँछु।
तिमीहरूका उमेरका अरू जवानहरूभन्दा तिमीहरू उहाँको सामु किन कमसल
अवस्थाका देखिनु र? तिमीहरूको कारणले गर्दा महाराजाले मेरो शिर
उड़ाइदिनुहुनेछ।”

११ त्यसपछि दानिएल, हनन्याह, मीशाएल र अजर्याहमाथि खटाइएका
सुरक्षाकर्मीलाई दानिएलले भने, १२ “कृपया, तपाईंका दासहरूलाई दश दिनसम्म
जाँच्नुहोस्। हामीलाई खानका लागि सागपात र पिउनका लागि पानी मात्र
दिनुहोस्। १३ त्यसपछि राजकीय खाना खाने जवानहरूसँग हाम्रा चेहरा
दाँज्नुहोस् र तपाईंले देख्नुभएअनुसार आफ्ना दासहरूसँग व्यवहार गर्नुहोस्।” १४
यसकारण उनले यो कुरा मन्जूर गरे र दश दिनसम्म तिनीहरूको जाँच गरे।
१५ दश दिनपछि राजकीय खाना खाएका ती अन्य जवानहरूभन्दा तिनीहरू
स्वस्थ र पुष्ट देखिए। १६ यसकारण ती सुरक्षाकर्मीले तिनीहरूका लागि
तोकिएका मीठा-मीठा खाना र दाखमद्य हटाएर तिनीहरूलाई सागपात दिए।
१७ यी चार जवान मानिसहरूलाई परमेश्वरले सब किसिमका साहित्य र
शिक्षाको ज्ञान र समझ दिनुभयो। अनि दानिएल सबै किसिमका दर्शन र
सपनाको अर्थ खोल्न सक्ने भए। १८ राजाले तिनीहरूलाई हाजिर गराउनू भनी
तोकेको समय भएपछि ती प्रमुख अधिकृतले तिनीहरूलाई राजा नबूकदनेसरकहाँ
ल्याए। १९ राजाले तिनीहरूसँग कुरा गरे र उनले दानिएल, हनन्याह, मीशाएल
र अजर्याह बराबर कोही पनि भेट्टाएनन्। यसकारण तिनीहरू राजाको सेवामा

नियुक्त भए। २० राजाले बुद्धि र समझको बारेमा तिनीहरूलाई जे-जति प्रश्न सोध्थे, अधिराज्यभरका जादूगरी र मन्त्रतन्त्र गर्नेहरूभन्दा तिनीहरूलाई दश गुणा असल भेट्टाए। २१ अनि कोरेस राजाका शासनकालको पहिलो वर्षसम्म दानिएल त्यहाँ रहे।"

परिवर्तनसँग गुमाउनुपर्ने अनुभव, के होला भनेर तुरन्तै अनिश्चित भविष्यको बारेमा चिन्ता पनि आउँछ। ती परिवर्तनसँग मिल्न परिवार सक्षम हुनुपर्छ। यदि परिवार सक्षम् भए ती परिवर्तनहरूले मानिसहरूमा नयाँ आयाम थपिदिन्छ। अघि बढ्न अग्रसर गराउँछ र आत्मिक कुराहरूप्रति अझ सराहना गर्न सिकाउँछ। यदि परिवार सक्षम् भएन भने परिवर्तनले मानिसहरूलाई तनाव र चिन्ता ल्याउन सक्छ। परिवर्तनले ल्याउने तलमाथीको स्थितिलाई झन बिगार्न शैतान जहिले पनि इच्छुक भइरहेको हुन्छ। परिवर्तनले मानिसहरूमा परमेश्वरप्रति शङ्का र अविश्वास आओस् भनेर शैतानले अनेकौं चालबाजी खेल्दछ। तर परमेश्वरको वचनमा रहेका प्रतिज्ञाहरू, परिवार र मित्रहरूले दिएको स्रोत र साधनले र तिनीहरूको जीवन परमेश्वरको हातमा छ भनेर ढुक्क हुनसक्दा बाइबलका विश्वासिला धेरै पात्रहरूले परिवर्तनको डटेर सामना गरेका थिए। तिनीहरूको जीवनमा आएका उत्तरचढावलाई सफलतापूर्वक समाधान गरेका थिए।

**यदि तपाईंलाई कोही व्यक्ति वा परिवार थाहा छ जसले आघात पार्ने परिवर्तनको सामना गरिरहेका छन् भने तिनीहरूलाई तपाईंले सहयोग र हौशला दिन किन प्रयास नगर्ने?**

## ४. आस्थावान पहिलो पुस्ता

**यहोशू र उनका सहयोगीहरूको मृत्यु भएपछि इस्राएलमा कस्तो आस्थाको सङ्कट देखा पर्‍यो? हेर्नुहोस्: न्यायकर्ता २:७-१३ " ७ यहोशू जीवित रहुञ्जेल र तिनका पछिका धर्म-गुरुहरू बाँचुञ्जेल, जसले परमप्रभुले इस्राएलको निम्ति गर्नुभएका जम्मै ठूला-ठूला कामहरू देखेका थिए, इस्राएली जातिले परमप्रभुको सेवा गर्दैरहे।**

**८ नूनका छोरा यहोशू, परमप्रभुका दास, एक सय दश वर्षको उमेरमा मरे, ९ र तिनीहरूले तिनलाई गाश डाँड़ाको उत्तरपट्टि एफ्राइमको पहाड़ी देशमा भएको तिम्नथ-हेरेसमा तिनकै निज अधिकारका भागको सिमानाभित्रै गाड़े। १० त्यस जम्मै पुस्ताका सबै जना आफ्ना पिता-पुर्खाहरूसँग मिले। पछि एउटा अर्को पुस्ता आयो जसले परमप्रभुलाई चिन्दैनथ्यो न त उहाँले इस्राएलको निम्ति**

गर्नुभएको कामलाई पनि जान्दथ्यो। ११ जे परमप्रभुको दृष्टिमा खराब थियो, इस्राएलीहरूले त्यही गर्न लागे, र बाल देवतालाई पूजा गर्न लागे। १२ तिनीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनुहुने आफ्ना पिता-पुर्खाहरूका परमप्रभु परमेश्‍वरलाई त्यागेर तिनीहरू अरू देवताहरूका पछि लागे– अर्थात्,आफ्ना वरिपरि बस्ने जातिहरूका देवताहरूलाई पछ्याए। तिनीहरू ती देवताहरूका सामुन्ने निहुरे, र परमप्रभुलाई क्रोधित तुल्याए। १३ तिनीहरूले परमप्रभुलाई त्यागेर बाल र अश्तोरेत देवताहरूलाई पुजे।"

चर्च जस्ता संस्थाहरूका संस्थापकहरूले आफ्ना मूल्यमान्यता, विश्‍वास, शिक्षादीक्षामा आफूहरू समर्पित हुँदै तिनीहरूलाई उच्चस्तरमा राखेर हिँड्दा पछिका पीढीहरूले तिनीहरूको अनुसरण गर्दछन् भन्ने कुरा खोजअनुसुन्धानले बताएको छ। ती पहिलाका पुस्ताले नै ती विश्‍वास, मूल्यान्यता र शिक्षादीक्षालाई सर्वश्रेष्ठको रूपमा बचाएका थिए। तर दुर्भाग्यवस कतिपय समयमा पछिका पीँढीहरूले पूर्खाहरूले छोडेर गएका मूल्यमान्यतालाई बिस्तारै विर्सन थालेका हुन्छन्। तिनीहरू संस्थाको नियम अनुसार त चल्छन् होलान् तर प्रायजसो औपचारिकता पूरा गर्न मात्रै। समय बित्दै जाँदा आस्थामा रहने बानी भित्री हृदयदेखि भन्दा पनि परम्परामा आधारित हुन सक्छ र पूर्खाहरूको जोश, जाँगर र परमेश्‍वरप्रतिको अनुराग चिसो हुँदै जान्छ।

परमेश्‍वरका नातिनातिनाहरू छैनन् तर छोराछोरीहरूमात्र छन् भन्ने कहावत छ। त्यसको अर्थ के होला? हेर्नुहोस्ः यूहन्ना १ः१२,१३ " १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्‍वास गरे, उहाँले तिनीहरूलाई परमेश्‍वरका सन्तान अर्थात् छोराछोरी हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्‍वरबाट जन्मिएका हुन्छन्।", यूहन्ना ३ः५-८ " ५ येशूले जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्‍वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।” र १ यूहन्ना ५ः१-५ " १ येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्‍वास गर्ने हरेक परमेश्‍वरको बालक हो। जसले बाबुलाई प्रेम गर्छ उसले तिनको छोरालाई पनि प्रेम गर्छ। २ जब हामी परमेश्‍वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्‍वरका

**सन्तानलाई प्रेम गर्छौं। ३ परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्। ४ किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो। ५ संसारमाथि विजय प्राप्त गर्ने को हो? त्यही हो, जसले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्छ।"**

आफ्ना छोराछोरी वा युवाहरूलाई बाबुआमा वा चर्चका अगुवाहरूले आफूहरूले के विश्वास गरेका थिए भनिरहँदा आस्थाको मूल्यमान्यता पछिका पीँढीहरूमा सरिरहन्छ। तर एउटा कुरो जान्नु आवश्यक छ। आमाबाबुले के विश्वास गर्छन् वा चर्चले के गर्छ भनेर विश्वास गर्नु भनेको व्यक्तिगत विश्वास वा आस्था हो। ऐतिहासिक चर्चको सदस्य भएर वा चर्चले सिकाएका ज्ञानहरू जानियो भन्दैमा पक्का वा सच्चा इसाई हुन्छ भन्ने छैन। सही आस्था बंशजबाट सर्दैन। यो स्वत एक पीँढीबाट अर्को पीँढीमा सारिन्दैन। प्रत्येक व्यक्तिले व्यक्तिगतरूपमा ख्रीष्टलाई चिन्नु आवश्यक छ। बाबुआमाले केही हदसम्म सहयोग गर्न सक्छन्। चर्च र विशेष गरेर बाबुआमाले युवायुवतीहरूको निम्ति यस्तो वातावरण तयार गर्नुपर्छ कि तिनीहरूलाई चर्चमा आउँआउँ लाग्छ र तिनीहरूले ठिक निर्णय गर्न सकून्। तर अन्तमा आएर कसैले पीँढीले मुक्ति पाउँछ वा पाउँदैन भन्ने कुरो व्यक्तिगत निर्णयमा आधारित हुन्छ।

**अत्यन्त प्रभावकारी आत्मपरिवर्तनको अनुभवद्वारा जो भन्ने व्यक्ति नास्तिकबाट सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक भयो। उसले एडभेन्टिस्ट स्त्रीलाई विवाह गर्‍यो। तिनीहरूका केही बालबालिकाहरू भए। ती सन्तानलाई आफूहरूको विश्वासमा हुर्काए। एक दिन आफ्ना छोराछोरीहरूको आत्मिक अवस्था देखेर उसले भन्यो, "ओहो, मैले अनुभव गरेको अनुभव मेरा छोराछोरीहरूले गरेको भए कस्तो असल हुन्थ्यो!" यदि तपाईं ऊसँग हुनु भएको भए तपाईंले उसलाई के जवाफ दिनुहुन्थ्यो?**

## ५. एक्काइसौं सताब्दीको होडबाजीमा लाग्नहरू

*द मेसेज* भन्ने अङ्ग्रेजीमा बाइबलको लोकप्रिय अनुवाद पाइन्छ। यो अनुवाद युजिन पिटरसनले गरेका हुन्। जहाँ जहाँ "सुसमाचार" भन्ने शब्द बाइबलमा प्रयोग गरिएको छ त्यहाँ त्यहाँ उहाँले "मेसेज" अर्थात् सन्देश शब्द प्रयोग गर्नुभएको छ। हो, येशूको बारेमा असल समाचार पक्का पनि सन्देश नै हो। जहाँ जहाँ इसाई परिवारहरू रहन्छन् त्यहाँ त्यहाँ सबै मिलेर येशूको

सन्देशको अनुभव गर्नुपर्दछ र जुनसुकै समाजमा रहेतापनि त्यो सन्देश बाँड्नुपर्छ।

देहायका पदहरूमा "सन्देश" भनेर प्रयोग गरिए त्यसको अर्थ के लाग्छ होला? त्यसलाई कसरी व्याख्या गर्नुहुन्छ? हेर्नुहोस्: मत्ती २८:५-७ "५ तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ। ६ उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ। आओ, उहाँलाई राखिएको ठाउँ हेर। ७ तब चाँड़ो गएर उहाँका चेलाहरूलाई खबर देओ, कि उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ, र उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ। तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ। हेर, मैले तिमीहरूलाई भनिदिएको छु।" , यूहन्ना ३:१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।", रोमी १:१६,१७ "१६ किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि। १७ किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।", १ कोरन्थी २:२ "किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ।" र २ कोरन्थी ५:१६-२१ "१६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा

**परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"**

येशूका सुरूका चेलाहरू उहाँको पुनरुत्थानको बारेमा जोशिलो हुँदै जहाँतहिँ प्रचार गरेका थिए। आज इसाई परिवारहरू जहाँतहीँ स्वर्गदूतले भनेका "उहाँ बौरि उठ्नुभयो" (मत्ती २८:७ रूपान्तरित) भन्ने सन्देशले जुरमुराइरहेका छन्। येशू ख्रीष्टले आफ्नो र परमेश्वरको बारेमा, पापीहरूलाई उहाँको प्रेम, क्षमा र उहाँलाई विश्वास गरे अनन्त जीवन पाइन्छ भनेर जे भन्नुभयो ती सही थिए भनेर देखाउने सबुद प्रमाण नै उहाँको पुनरुत्थान हो।

*सुसमाचारको बारेमा अनुराग वा तिब्र चाहना* । येशूलाई पछ्याउने सुरूका चेलाहरूको जीवनमा सुसमाचारको प्रभाव संक्षिप्तरूपमा सफासँग नयाँ करारमा प्रस्तुत गरिएको छ। तिनीहरूले आफ्ना घरहरू बाइबल अध्ययनको निम्ति खुला राखेका थिए, तिनीहरूसँगसँगै मिलेर प्रार्थना गरेका थिए र खाना पनि मिलिजुली खाएका थिए। त्यतिमात्र नभएर तिनीहरूले आफूहरूसँग भएका पैसा र स्रोतसाधनहरू एक आपसमा बाँडेका थिए साथै तिनीहरू एकआपसको हितमा लागेका थिए। कतिपय घरका पूरै परिवारहरूले सन्देशलाई ग्रहण गरेका थिए। त्यसको अर्थ तिनीहरू अचानक शुद्ध वा केही भूल नगर्ने येशूभक्तहरू बने त? अहँ। के कतिपय समयमा तिनीहरूको बीचमा कचकच वा असहमति भएन होला? भएको थियो। तर सुरूमा ती चेलाहरू वा येशूभक्तहरू अरूहरूभन्दा फरक थिए। तिनीहरूले परमेश्वरको र एक आपसको आवश्यकतालाई स्वीकारेका थिए। घरमा र चर्चमा एकता र मेलमिलापले तिनीहरूको जीवनमा प्राथमिकता पाएको थियो। येशूको प्रार्थना साकार पार्न तिनीहरूले भरमग्दूर प्रयास गरेका थिए (यूहन्ना १७:२०-२३ "२० "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१ कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। २२ जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। २३ म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्)।" तिनीहरूले आफूले गरेका विश्वासको कारण आफ्नै ज्यानहरूलाई जोखिममा पारेर तिनीहरूले एक

आपसमा र अरूहरूलाई सुरो भएर गवाही दिएका थिए। ती चेलाहरूमा भएको जोश र जाँगर हामीमा पनि हुनुपर्दछ। वर्तमान समयमा परमेश्वरका कुराहरूप्रति नकारात्मक टिकाटिप्पणी भएतापनि मानिसहरूले सुन्ने कुनै असल खबरले गर्दा तिनीहरू उत्तेजित वा जोशिलो भएको पाइन्छ। सुसमाचारको जोश मानिसहरूको हृदयमा भरोसा जागोस भनेर परमेश्वरको आत्माले चाहना गरिरहुनभएको छ। जब परमेश्वरको शुभसन्देश हामीहरूको हृदयमा धर्मशास्त्रमा जस्तै असल जरा भएर गाडिन्छ तब त्यो सन्देश अरूलाई बाँड्न स्वाभाविक र कसैले रोक्न नसक्ने हुन्छ। **हामीहरूलाई "सन्देश" सुनाउने काममा अझ राम्रोसँग लाग्न हामी र हामीहरूका परिवारहरूमा के परिवर्तन ल्याउनुपर्छ होला जसले गर्दा हाम्रो लक्ष्यमा लम्किन सहयोग पुगोस्?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरू **यस अध्यायको** बारेमा थप जानकारीको मिल्दछः *प्रोफेटस् एण्ड गिङ्सको* पृ. ४७९-४९०को "इन द कोर्ट अब बेबिलोन", *गस्पल वर्कर्सको* पृ. ३२४,३२९को "वर्डस अभ कशन" र पृ. ३३०,३३१को "नो रेस्पेक्ट अभ पर्सनस् विथ गड" र *स्टेप्स टु क्राइस्टको* पृ. ११५-१२६को "रिज्वाइसिङ्ग इन द लर्ड"।

हो, नो रेस्पेक्ट अभ पर्सनस् विथ गड अर्थात् परमेश्वरले कसैको पक्षपात गर्नुहुन्न। "जो मानिसले येशूको धर्मलाई अङ्गाल्छ उसको सोच र क्रियाकलापलाई उच्च तहमा पुऱ्याउँछ। फेरि त्यसै बखत उहाँलाई ग्रहण गर्नेले सारा मानव जाति परमेश्वरको पुत्रको रगतले किनिएको हुनाले तिनीहरू परमेश्वरको प्रेम प्राप्त गर्न योग्यका हुन्नछन् भनेर त्यसै अनुसार तिनीहरूलाई व्यवहार गरिन्छ। येशूको पाऊमुनि धनी र गरिब, शिक्षित र अशिक्षित, जात र प्रतिष्ठा नभनिकन बराबर हुन्छन्। येशूलाई प्रेम गर्नेहरूको बीचमा कुनैले पनि आफ्नो भाऊ खोज्दैनन्। संसारले दिने सबै सम्मानहरू त्यसबेला बिर्सन्छन् जब हामीहरूको पापले घोचेका येशूलाई हेर्दछौं। येशूको स्वार्थत्याग, हामीलाई उचाल्न उहाँ होचिनुभएको र उहाँको अनन्तको करुणाले गर्दा उहाँलाई स्वर्गमा उच्च पारिनुभएको स्थितिलाई हेर्दा मानिसको घमण्ड, आफ्नो भाऊ खोज्ने प्रवृत्ति र जातको नाउँमा सामाजिक प्रतिष्ठालाई लज्जामा पार्दछ। जो मानिस शुद्ध र प्रदुषित नभएको धर्ममा लाग्दछ त्यसले स्वर्गमा रोपिएका नीतिहरू अबलम्बन गर्दछ। त्यस धर्मले सत्य वा पवित्र धर्मशास्त्रको वचनबाट पवित्र

बन्नेहरूलाई एक बनाउँछ। रगतले किनिएको जस्तै सबै विश्वासीहरू एक हुन्छन् र तिनीहरूलाई उद्धारगर्नुहुने परमेश्वरमाथि सबैले भरोसा राख्दछन्।"- एलेन जी ह्वाइट, *गस्पल वर्कर्स,* पृ ३३०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) फेरि सोच्नुहोस्, यस अध्यायको पहिलो बुँदा अर्थात् "तपाईंको विश्वास, शिक्षादीक्षा तपाईंको सभ्यता वा संस्कारले तपाईंलाई कतिको मोडेको छ? बाइबलको आत्मज्ञानले तपाईंको विश्वासलाई कत्तिको बलियो बनाइराखेको छ? तपाईं रहनुभएको, हुर्कनुभएको संस्कार, समाज र परम्परा, र बाइबलको सत्यताको बीचमा भिन्नता भएको कसरी पहिचान गर्न सक्नुहुन्छ?"

आ) यदि माथि एलेन जी ह्वाइटले भन्नुभएको भनाईमा उल्लेखित सबैले आत्मसात् गरे हामीहरूको पारिवारिक जीवनमा कस्तो आमूल परिवर्तन ल्याउँथ्यो होला?

इ) येशूलाई विश्वास गर्ने युवापुस्तालाई परमेश्वरमा अगाडि बढाउन तपाईंको स्थानीय चर्चले के गरिरहेको छ? यस महत्त्वपूर्ण कामको निम्ति तपाईंले के गर्नसक्नुहुन्छ?

ई) अर्को पींढीलाई विश्वासमा सार्न के के चुनौतिहरूको सामना गर्नुपर्दछ?

उ) तपाईं रहनुभएको समाजको संस्कारले तपाईंको परिवारलाई कस्तो असल वा खराब प्रभाव पारेको छ?

## कथा ११
## कार्ल मार्क्सको कम्युनिष्ट अनुयायीबाट एडभेन्टिस्ट
## मरिया "मरिता" होसे द ओलिभियरा पाल्मिएरा, ७०

१२ वर्षको उमेरमा मरिताले ब्राजिलमा बप्तिस्मा लिएकी थिइन्।तर किशोरी अवस्थामा उनले चर्च जान छोडिन्। अनि ३८ वर्षपछि उनी आफ्नो विश्वास मार्क्सप्रति त्यागेर उनको समुदायमा परमेश्वरको निम्ति शक्तिशाली गवाही बन्न पुगेकी थिइन्।

"मेरो जीवनमा येशू ख्रीष्टको आदर्शले कार्लमार्क्सको आदर्शको सट्टामा ठाउँ पाएको थियो" मरिता भनेर सम्बोधन गर्न चाहने मरियाले भनिन्।मरिया सेभेन्थ-डे एडभेन्टिस्ट आमाको घरमा हुर्केकी थिइन्। किशोरी अवस्थामा नै उनले साबथ स्कूल कक्षामा सिकाउँथिन् र चर्चको युवायुवतीहरूको निम्ति अगुवा भएकी थिइन्। तर उनी २२ वर्षको हुँदा चर्चको एक प्रतिष्ठित व्यक्तिले उनलाई केही भने जसले गर्दा उनको चित्त दुख्यो र चर्च जानै छोडिन्। चर्चको कुनै पनि मानिसले उनलाई वास्ता नगरेकोले चर्चमा कहिल्यै नजाने निर्णय उनले गरेकी थिइन्।

स्कूलमा उनले निकै चासोदेखाएर समाजशास्त्र पढिन् र जर्मनको दार्शनिक र समाजशास्त्री कार्लमार्क्सको मानव अधिकारबारे सिकाएको शिक्षाले उनी अत्यन्त प्रभावित भइन्। उनले पनि आफू कार्लमार्क्सको अनुयायी बन्ने निर्णय गरिन्।

२५ वर्षभित्र मरियाले विवाह गरेर एक छोरा पाइन् र उनी विधवी पनि भइन्। उनी क्यानाडाको मन्ट्रायल सहरमा सरिन्। मन्ट्रायलमा रहेको युनिभर्सिटी द मोन्ट्र्यालमा पीएचडी गर्न भर्ना भइन्।

जब उनी विश्वविद्यालयमा पढ्दै थिइन् तब उनले नचिताएको ब्राजिलीयन पास्टर लुइस् र उहाँकी श्रीमती लियोनी उनलाई भेट्न आए। तिनीहरू अमेरिकामा एउटा विवाहको समारोहमा सरिक भएर क्यानाडा भएर घर फर्किन्दै थिए। तिनीहरूले मनट्रियालमा मरियालाई भेट्न बसाइ लम्ब्याएरै बस्ने योजना बनाएका थिए। लुइस र मरिया युवा अवस्थामा एउटै एडभेन्टिस्ट चर्चमा आराधना गर्दथे।पास्टर लुइस र उनकी श्रीमती मरियालाई दिनदिनै भेट्न गए। उनीसँग तिनीहरूले बाइबल र येशूको प्रेमको बारेमा बोले। तिनीहरूले मरियालाई येशूतिर फर्कन आग्रह गरे।

मरियाले राम्रोसँग तिनीहरूलाई सुने तर उनको हृदय येशूलाई ग्रहण गर्नको निम्ति भने कठोर पारेकी थिइन्।

दुई वर्षपछि मरिया आफ्नो देश ब्राजिलमा फर्केर आइन्। उनी ब्राजिलको विश्वविद्यालयमा अध्यापकको काम गर्न आएकी थिइन्। पास्टर लुइसकी श्रीमतीले उनलाई प्रत्येक हप्ता तीन वर्षसम्म सम्पर्क राखेर बाइबल अध्ययन गर्न आउन आग्रह गरिन्। तर कुनै न कुनै बहाना बनाएर बाइबल अध्ययनमा सरिक भइनन्।

एक दिन मरियाले क्लासमा मार्क्सको बारेमा सिकाउन पाठ तयार पार्दै थिइन्। मार्क्सले आफ्नो सिद्धान्तको बारेमा लेखेको प्रथम् लेख सन् १८४४मा लेखेको मरियाले भेट्टाइन्। त्यो वर्ष एडभेन्टिस्ट अभियान अर्थात् येशूको आगमनको बारेमा प्रचारगरिएको वर्ष पनि त्यही नै थियो भनेर उनले सम्झिन्। एडभेन्टिस्ट अभियान अर्थात् येशू आउनुभएपछिमात्र यस संसारको परिवर्तन हुन्छ भन्ने शिक्षाको खिलाफमा अभियान चलाउन शैतानले मार्क्सलाई प्रयोग गरेको हो कि भन्ने कुरालाई अचम्म मान्दै उनले सोच्न थालिन्। मानिसहरूको आफ्नै तागत, बल, शक्ति, बुद्धि, दर्शन वा वादले संसार परिवर्तन गर्न सकिन्छ भन्ने शिक्षा कार्ल मार्क्सको थियो, तर केवल येशूले मात्र यो संसार परिवर्तन गर्न सक्नुहुन्छ भन्ने शिक्षा एडभेन्टिस्टहरूले सिकाएका थिए।

केही समयपछि आफ्नो समाजवादी विद्यार्थीहरू ग्रेजुयट हुनेबेलामा क्लासमा मारियाले यो घोषणा गरिन् "अब म विश्वास गर्छु कि येशू ख्रीष्ट महान् क्रान्तिकारी नेता हुनुहुन्छ, तर उहाँ परमेश्वरको पुत्रचाहीँ होइन।"

प्रायजसो मरिया रातमा राम्रैसँग सुत्दथिन्, तर त्यस क्लासबाट आएपछि त्यस रात उनी राम्रोसँग सुत्न सकिनन्। रातभरि ओछ्यानमा ओल्टाइपल्टाइ गरिरहिन्।

अर्को दिन उनको एउटी डिनल्भा नाउँ गरेकी केटी विद्यार्थी उनीकहाँ आइन्। "प्रोफेसर, तपाईंले क्लासमा येशूलाई परमेश्वरको पुत्र हुनुहुन्छ भनेर विश्वास गर्दिन भनेर भन्नुभयो। आज राती राम्रोसँग म सुत्नै सकिँन। तपाईंले व्यक्त गर्नुभएको कुरो तपाईंको हृदयदेखि भनेको होइन भनेर तपाईंलाई भन्न परमेश्वरले चाहनुभएको अनुभव गरेकोले तपाईंकहाँ आएको हुँ। तपाईं मार्क्सवादी हुनुभएकोले येशूलाई तपाईंले विश्वास नगरेको तपाईंले स्वीकार गर्न चाहनुभएको थिएन" रुँदै उक्त विद्यार्थीले भनिन्। मरियालाई के भनुँ के नभनुँ जस्तो भयो। "तिमीले यो कुरा भनेकोमा तिमीलाई धन्यवाद छ" उनले भनिन्।

दुई हप्तापछि मरियाले एउटा रेस्टुरेन्टमा दिउँसो खाजा खाँदै थिइन् तब उनले एउटा गीतिसमूहले "माराभिल्होसाग्रासिया" (येशूको अनुग्रह अचम्मको छ) भन्ने गीत प्राक्टिस गरिरहेको उनले सुनिन्। यो गीत आइतबार पालन गर्ने चर्चमा गाइदै थियो। यही गीत जब उनी किशोरी अवस्थामा थिइन् तब एडभेन्टिस्ट चर्चले आयोजना गरेको गीतिसमूहमा उनले गाएकी थिइन्। मरियाले त्यस चर्चको पछाडितिर गएर त्यो गीन सुनिन्। एकैछिनपछि उनको विद्यार्थी डिनाल्भा चर्चभित्र पसिन् र मरियाभएको ठाउँमा सिधै गइन्। प्रोफेसरलाई अङ्गालोमार्दै रुँदै भनिन् "मलाई थाहा छ कि तपाईं यहाँ आउनुहुनेछ! म घरमा मेरो बच्चालाई दुध ख्वाउँदै थिएँ, त्यतिनैखेर मेरो मनमा यहाँ आउन आवश्यकभएको कुरा कसैले घचघचाइरहेको आभास् मैले पाएँ।"

मरिया तीनछक्क परिन्। यो भेट त संयोगमात्र नभएको उनले महसुस गरिन्। डिनाल्भाको घर नजिकै थिएन र मरिया पनि जानाजानी विश्वविद्यालयको परिसरबाट टाढा खाजा खान गएकी थिइनन्।

चर्चमा गीत सुनिसकेपछि दुई जना एक आपसबाट बिदा भए। यो अनुभवले उनलाई यो विश्वास भयो कि परमेश्वरले उनलाई बाइबल अध्ययन गर्ने अबसर दिन चाहनुभएको छ। अनि उनी पास्टर लुइसकी श्रीमतीको अनुरोधमा हप्ताहप्तामा हुने बाइबल अध्ययनमा सरिक हुन थालिन्।

पास्टर लुइस र उनकी श्रीमतीसँग मरियाले बाइबल १० वर्षसम्म अध्ययन गरिन्। तर बाइबल परमेश्वरको वचन हो भनेर उनले स्वीकार गर्न चाहिनन्।

आखिरमा पास्टर लुइसकी श्रीमतीले उनलाई भनिन् "परमेश्वरप्रतिको विश्वासको निम्ति तिमीले प्रार्थना गर्नु आवश्यक छ। तिमीले परमेश्वरप्रतिको आस्था गुमायौ। तिम्रो लागि म प्रार्थना गर्नेछु।"

जब पास्टरकी श्रीमतीले प्रार्थना गरिन् तब घरमा बाइबल पढ्ने चाहना मरियाको वढ्यो। तिनले बाइबल दुई महिनासम्म पढिन् र उनले फेरि बप्तिस्मा लिइन्।

तर उनको एउटा समस्या थियो। उनी चर्चमा जान चाहिरहेकी थिइनन्।"कसैको घरमै किन आराधना सभा नगर्ने?" उनले पास्टर लुइसलाई सोधिन्।चर्चचाहिँ जान नचाहने तर बाइबल पढ्न चाहनेहरूको निम्ति एउटा ठाउँ खोज्ने तिनीहरूले निर्णय गरे। अनि त्यस्तो खालको घरेलु चर्चको निम्ति योजना बनाउन पास्टरले मरियासँग अनुरोध गरे। अनि चर्चका अगुवाहरूले

मरियाले बनाएको घरेलु चर्चको प्रस्ताव पढेर त्यसमा छाँटकाँट गरेर घरेलु चर्च सुरु गर्नको निम्ति सहमति जनाए।

श्यरिङ्ग जिजस अर्थात् येशूको बारेमा ज्ञान बाँड्ने घरेलु चर्च सन् २००४मा १३जनाबाट सुरु भएको थियो। यसमा २००भन्दा बेसी बप्तिस्मा लिएका मानिसहरू छन्।

"यहाँ एडभेन्टिस्ट चर्चलाई कसरी प्रेम गर्ने भनेर मानिसहरूले सिक्दछन्। तिनीहरूको आत्मपरिवर्तन हुन्छ र बप्तिस्मा लिन्छन्। अनि तिनीहरूलाई सालभाडोरमा भएका एडभेन्टिस्ट चर्चहरूमा हामी पठाउँछौं" मरियाले भनिन्। अहिले मरिया ७० वर्षकी छिन् र घरेलु चर्चको सहअगुवा छिन्।

"हामी धेरै गीतहरू गाउँछौं। धेरै ससाना समूहहरू मिलेर बाइबल पढ्छन र प्रार्थना गर्छन्। हामी धेरै खुशी छौं। हामी येशूको दोस्रो आगमनको निम्ति पर्खिरहेका छौं।" प्रसन्न भएर मरियाले भनिन्।

लेखकः *आन्द्रुय मेकचेस्नी*